नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष
सिंहदरबार प्लाजा, काठमाण्डौं

# शोधकार्य अनुदान (Thesis Research Grant) बारेको सूचना

यस कोषद्वारा नेपालभित्रका विश्वविद्यालयहरुमा कृषि विज्ञानसंग सम्वन्धित विषयमा स्नातकोत्तर तथा विद्यावारिधी तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधकार्यको लागि अनुदान रकम उपलब्ध गराईने व्यवस्था रहेको छ । सैद्धान्तिक कक्षाहरु सकिएका तर अनुसन्धानको कार्य सम्पन्न नभैसकेका र अन्य कुनै पनि संस्थागत श्रोतबाट अनुदान नपाएका इच्छुक विद्यार्थीहरुले स्वीकृत शोधकार्य प्रस्ताव (२ प्रति: एक प्रतिमा परिचय नखुलेको) सहितको निवेदन कोषको कार्यसञ्चालन निर्देशिका २०७२ अनुसार तपसिल बमोजिमका शर्तहरु भित्र रहि कोषको सचिवालयमा मिति २०७३ जेष्ठ मसान्त भित्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. कोषको प्राथमिकता क्षेत्र र विषयगत क्षेत्र भित्र रही नविन एवं सान्दर्भिक विषयलाई सम्वोधन गर्ने खालका शोधकार्य प्रस्तावलाई प्रतिस्पर्धाका आधारमा छनौट गरिने छ ।

२. पेश गरिने शोधकार्य प्रस्ताव आफू अध्ययनरत विश्वविद्यालय वा कलेजले स्वीकृत गरेको हुनु पर्नेछ ।

३. यस सूचना अनुसारको अनुदान रकम आगामी आ.व.२०७३।७४ को विनियोजित बजेटवाट उपलब्ध गराइने हुँदा सो अवधि भित्र सम्पन्न हुने शोधकार्य प्रस्तावलाई विशेष प्राथमिकता दिइने छ ।

४. शोधकार्य अनुदान रकम स्नातकोत्तर तहका लागि बढीमा १ लाख र विद्यावारिधि तहका लागि बढीमा २ लाख रुपैया सम्म रहने छ ।

५. शोधकार्यको प्रस्ताव एवं निवेदन कोषले तोकेको ढाँचामा पेश गर्नुपर्नेछ ।

सिरीष पुन
२०७३।०१।२२
वरिष्ठ कार्यक्रम अधिकृत

| NARDF Thematic Area |
| --- |
| 1. Enhancing agricultural (Crops, Horticulture, Livestock and Fisheries) production and productivity and improvement of farming systems. |
| 2. Agricultural (Crops, Horticulture, Livestock and Fisheries) research and extension to reflect user-demand and the need to generate additional household income. |
| 3. Climate change adaptation in plant health and animal health for optimizing the production. |
| 4. Sustainable utilization of natural resources and the protection of the resource base and environment. |
| 5. Medicinal and aromatic plants (MAPs), their domestication, production and value addition. |
| 6. Agricultural trade, agribusiness, agro-tourism, agro-processing, food safety, quality control and policy issues. |

# प्राथमिकता क्षेत्रहरु (नेपाली भाषामा)

| | |
|---|---|
| १. महत्वपूर्ण कृषि उपजहरुको एस.पि.एस. (SPS) लगायत गुणस्तर मापदण्डहरुको विकास तथा प्रवर्द्धन (Development and promotion of quality standards including SPS measures in important agricultural products) | १. बाली नाली तथा पशुपंक्षीका उत्पादन तथा उत्पादकत्व बृद्धिका प्रविधिहरुको प्रमाणीकरण तथा प्रसार (Technology validation and dissemination to enhance the production and productivity of crops and livestock) |
| २. स्थान विशेषका कृषि उपजहरुको विकास तथा सुधार (Promotion and improvement of area specific agricultural commodities) | २. दीगो आय आर्जनका लागि नेपाल व्यापार एकीकृत रणनीति अन्तरगतका कृषिजन्य व्यवसायका उन्नत प्रविधि प्याकेज (Package of practices for NTIS-Agri-business enterprises for sustainable income generation) |
| ३. घाँसेबालीका वर्षैभरी व्यवस्थापन गर्ने नविनतम प्रविधि प्रवर्द्धन (Promotion of innovative technologies for year round forage and fodder management) | ३. जलवायु मैत्री कृषि प्रविधिहरुको प्रवर्द्धन (Promotion of climate smart agricultural technologies -climate adaptation) |
| ४. दिगो -माटो व्यवस्थापनको प्रविधी प्याकेज प्रवर्द्धन (Promotion of package of practices for sustainable soil management) | ४. कृषि क्षेत्रमा प्रभावकारी जल उपयोगको प्रविधि प्रवर्द्धन (Promotion of efficient water use technologies in agriculture) |
| ५. आर्थिक महत्वका फलफूल तथा तरकारी बालीका उत्पादनोपरान्त कार्य तथा प्रशोधनका प्रविधि प्रवर्द्धन (Promotion of post harvest handling and processing technologies in fruits and vegetables of commercial importance) | ५. अन्नवाली, तरकारीबाली, कोशेवाली र घाँसेवालीका व्यवसायीक वीउ उत्पादन प्रवर्द्धन (Promotion of commercial seed production of cereals, legumes, vegetables and forage/fodder crops) |
| ६. कृषि क्षेत्रमा महिला मैत्री प्रविधिको विकास तथा प्रवर्द्धन (Development and promotion of women farmers friendly technologies in agriculture) | ६. व्यावसायिक फलफूल तथा तरकारी उत्पादनका सुरक्षित एवं स्वस्थ्यकर प्रविधि प्रवर्द्धन (Promotion of technologies for safe and hygienic commercial fruit and vegetable production) |
| ७. फलफूल तथा आलंकारीक बोट विरुवाको अलैङ्गीक प्रजनन्का उच्च - प्रविधीयुक्त विधिहरुको प्रवर्द्धन (Promotion of high-tech vegetative propagation methods in fruits and ornamental plants) | ७. व्यावसायिक फलफूल उत्पादन तथा मूल्य अभिवृद्धिका प्रविधि प्रवर्द्धन (Promotion of commercial fruit production and value addition technology) |
| ८. मासु व्यवसायका लागि पाडा पालन (Fattening of Buffalo male-calf for meat-enterprise) | ८. खाद्य तथा पोषण सुरक्षाका प्रविधि प्रवर्द्धन (Promotion of technologies for food and nutrition security) |
| ९. बालीनालीका आर्थिक महत्वका रोग तथा शत्रुजीवहरुको व्यवस्थापन (Management of economically important diseases and pests of crops) | ९. कृषि क्षेत्रमा जैविक विषादी/जैविक व्यवस्थापन कार्यहरुका प्रवर्द्धन (Promotion of bio-pesticides/ biological management practices in agriculture) |
| १०. स्थानिय कृषि उपजहरुको उपयोगका लागि सुधारीएका परिकारहरुको प्रवर्द्धन (Promotion of improved recipes for utilization of local agro-products) | १०. व्यावसायीक मत्स्य पालन र मूल्य अभिवृद्धिका प्रविधि प्रवर्द्धन (Promotion of commercial fish production and value addition technologies) |
| ११. संभावित क्षेत्रमा कृषि पर्यटन प्रवर्द्धन (Promotion of agro-tourism in potential areas) | ११. औषधिजन्य वनस्पती तथा सुगन्धित जडिबुटिहरुको खेती तथा मूल्य अभिवृद्धि कार्य (Domestication and value addition of medicinal and aromatic plants -MAPs) |
| १२. बनस्पति तथा जीवहरुको जननिक श्रोतहरुको संरक्षण तथा प्रवर्द्धन (Promotion of conservation and utilization of plant and animal genetic resources) | १२. वास्नादार मसिना धानका जातहरुको प्रविधि प्रवर्द्धन तथा प्रसार (Technology promotion and dissemination of aromatic fine rice varieties) |
| १३. कृषि उत्पादनका लागि उन्नत प्राङ्गगारीक प्रविधि प्याकेज प्रवर्द्धन (Promotion of improved organic package of practices for agriculture production) | १३. युवा लक्षित कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन (Development & promotion of youth focused agro-enterprises) |
| १४. खाद्यान्न बालीहरुको उन्नत भण्डारण प्रविधि प्रवर्द्धन (Promotion of improved storage technology in food grains) | १४. कृषि यान्त्रिकीकरण कार्यहरुको प्रवर्द्धन (महिला तथा साना किसान मैत्री) (Promotion of agricultural mechanization - women and small farmer friendly) |
| १५. अध्ययन तथा अनुसन्धान: कृषि व्यापार तथा बजारीकरण एवं कृषि क्षेत्रका नीतिगत मुद्दाहरु (Research and Studies on issues of agricultural trade and marketing, and policy issues and implication) | १५. स्थानिय तथा रैथाने जातका कृषि बाली बस्तुहरुको उपयोग तथा प्रवर्द्धन (Promotion and utilization of indigenous agricultural commodities) |
| १६. आधुनिक कृषिका सूचना तथा संचार प्रविधिहरु (Information & Communication Technology (ICT) in modern agriculture) | १६. श्रोत संरक्षण प्रविधि (RCT) एवं दीगो खेती प्रणाली प्रविधि प्रवर्द्धन (Promotion of sustainable farming technology including Resource Conservation Technology - RCT) |
| १७. पशुपंक्षीका आर्थिक महत्वका रोगहरुको व्यवस्थापन (Management of economically important animal diseases) | १७. मसला बालीहरुको उत्पादन, प्रशोधन तथा वजारीकरण (Production, processing and marketing of spice crops) |

सदस्य-सचिव